नेपाल सरकार

# प्रदेश प्रमुख

सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

## पैगम्बर मुहम्मद जन्मजयन्तीको शुभकामना सन्देश

इस्लाम धर्मका अन्तिम ईशदुत (पैगम्बर) हजरत मुहम्मद (सल्ल.) को १५०१ औं जन्मजयन्ती (१२-रब्बी-उल-अव्वल) को पवित्र अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्णमा सुख, शान्ति, सु-स्वास्थ्य र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु।

पैगम्बर मुहम्मदले आफ्नो जीवनभर सत्यको बाटो देखाउनुभयो र न्याय, करुणा र सद्भावको शिक्षाको प्रचार गर्नुभयो। उहाँले दिएको सन्देशले सबैलाई एक अर्काप्रति आदर र सद्भाव राख्न प्रोत्साहित गर्दछ। उहाँको उपदेशले मानवता, करुणा, क्षमा र समानताको महत्वलाई प्रमुख स्थान दिएको छ। जीवनमा आउने कठिनाइ र चुनौतीहरू सामना गर्दा धैर्य र संयमको अभ्यास गर्ने कुरा उहाँको जीवनले सिकाउँछ। उहाँले दिएको शिक्षा र मार्गदर्शनले मानव जातिलाई शान्ति, भातृत्व र न्यायको मूल्य मान्यतामा आधारित समाजको निर्माण गर्न प्रोत्साहित गर्दछ ।

अन्तमा, पैगम्बर मुहम्मदको जन्मजयन्तीको यो पवित्र अवसरले नेपाली समुदाय र विश्वभरिमा आपसी भाईचारा सौहार्दपूर्ण सम्बन्ध विकसित गरी सबै किसिमका मतभेदहरुलाई आपसी समन्वयबाट निराकरण गर्दै सबैको जीवनमा शान्ति, खुसी र समृद्धि ल्याओस् भन्ने कामना गर्दछु । यो दिनले हामीलाई प्रेम, करुणा र भाइचारा फैलाउन प्रेरित गरोस् र संसारमा शान्ति र एकताको भावना सुदृढ बनोस् ।

धन्यवाद।

२०८३ भाद्र १० गते,

(नजिर मियाँ)
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख